मिति २०८२ असार ४ गते बसेको गाउँ कार्यपालिकाको तेह्रौं बैठक

आज मिति २०८२/०३/०४ गते बुधबारका दिन यस सुनकोशी गाउँपालिका अध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिनाको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारी तथा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको तेह्रौं बैठक बसी देहायका विषयमा छलफल गरी तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | टपिन्द्र प्रसाद तिमल्सिना | |
| २. | गाउँपालिका उपाध्यक्ष | कान्छी लामा | |
| ३. | वडा अध्यक्ष | कुमार शाही | |
| ४. | वडा अध्यक्ष | पूर्णबहादुर महत | |
| ५. | वडा अध्यक्ष | ईश्वर तामाङ | |
| ६. | वडा अध्यक्ष | भोजलाल श्रेष्ठ | |
| ७. | वडा अध्यक्ष | जालबहादुर तामाङ | |
| ८. | वडा अध्यक्ष | चक्रबहादुर बस्नेत | |
| ९. | वडा अध्यक्ष | ईश्वर तिमल्सिना | |
| १०. | का.पा. सदस्य | पुतली कामी | |
| ११. | का.पा. सदस्य | कमला रोक्का | |
| १२. | का.पा. सदस्य | कौशल्या सापकोटा | |
| १३. | का.पा. सदस्य | मसंली सार्की | |
| १४. | का.पा. सदस्य | राजेन्द्र धतानी | |
| १५. | का.पा. सदस्य | गृवेन्द्र माझी | |
| १६. | सचिव | दिकेश प्रजापती | |

आमन्त्रीत उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | अधिकृत स्तर छैठौं | युगबहादुर खड्का | |

**गाउँ कार्यपालिकाको तेह्रौं बैठकको कार्यसूचि**

१. अघिल्लो गाउँ कार्यपालिका बैठकका निर्णय कार्यान्वयनको अवस्था सम्बन्धमा ।
२. राजस्व परामर्श समितिबाट पारित भई पेश भएको प्रतिवेदन सम्बन्धमा ।
३. बजेट तथा कार्यक्रम समितिबाट पेश हुन आएको आगामी बर्षको नीति तथा कार्यक्रम सम्बन्धमा ।
४. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट पेश भएका विषय क्षेत्रगत बजेट तथा बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन सम्बन्धमा ।
५. आर्थिक बर्ष २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
६. आवधिक योजना सम्बन्धमा ।
७. विविध ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा बाह्रौं गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको प्रगति समीक्षा गरियो । अधिकांश निर्णय कार्यान्वयन सन्तोषजनक रुपमा भइसकेको बाँकी निर्णयहरु समेत कार्यान्वयनको चरणमा रहेको पाइयो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय राजस्व परामर्श समितिबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम आर्थिक बर्ष २०८२/०८३ को लागि अध्ययन तथा छलफल पश्चात पारित भई पेश हुन आएको प्रतिवेदन माथि व्यापक छलफल गरी सो को आधारमा तयार भएको आर्थिक विधेयक, २०८२ यही मिति २०८२।०३।०६ बाट शूरु हुन गइरहेको गाउँसभाको छैठौं अधिवेशनमा पारित गर्नको लागि निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम गठित बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट आगामी आर्थिक बर्ष २०८२/०८३ को लागि तयार गरिएको नीति तथा कार्यक्रमको प्रस्तावलाई स्वीकृत गर्दै यही मिति २०८२।०३।०६ बाट शुरु हुन गइरहेको गाउँसभाको छैठौं अधिवेशनमा पारित गर्नको लागि निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम गठित श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट दफा ६६ को उपदफा ३ क, ख र ग बमोजिमका काम कर्तव्य टुङ्गिसकेको र सोही उपदफाको घ, ङ, च र छ लगायतका कार्य गाउँसभाको अधिवेशनमै छलफल गरी टुङ्गो लगाउने साथै पालिका तथा वडा स्तरिय योजना तथा कार्यक्रम आगामी

आर्थिक बर्षको कार्यपालिकाको बैठकले निर्णय गरी सोहि आ.वको गाउँसभाको अधिवेशनमा पेश गरी खर्च खर्च गर्ने गरी यही मिति २०८२।०३।०६ बाट शूरु हुन गइरहेको गाउँसभाको छैठौं अधिवेशनमा पारित गर्नको लागि निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा आर्थिक बर्ष २०८०/०८१ को आर्थिक कारोबारको महालेखा परीक्षकको कार्यालयबाट सम्पन्न भएको लेखापरीक्षण पश्चात गाउँपालिकालाई प्राप्त प्रतिवेदनमाथि छलफल हुँदा प्रतिवेदनमा औंल्याइए बमोजिमका बेरुजू तथा व्यहोरा सम्बन्धमा छलफलको लागि यही मिति २०८२।०३।०६ बाट शूरु हुन गइरहेको गाउँसभाको छैठौं अधिवेशनमा पारित गर्नको लागि निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा सुनकोशी गाउँपालिकाको २०८१/८२ को स्वीकृत कार्यक्रम अन्तर्गत आवधिक योजना निर्माणको अन्तिम प्रतिवेदन तयार भई प्राप्त हुन आएकोले सो प्रतिवेदन उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ मा रहेको विविध प्रस्तावमा माथि छलफल गर्दा जिल्ला समन्वय समिति सिन्धुपाल्चोकसँग लागत साझेदारीमा यस गाउँपालिका भित्रका आगामी आर्थिक बर्षमा कार्यान्वयन हुने गरी तपसिल बमोजिमको थप योजना छनौट गरी जिल्ला समन्वय समिति सिन्धुपाल्चोकमा आवश्यक बजेट व्यवस्थापनको लागि पठाउने निर्णय गरियो ।

| क्र.सं | योजनाको नाम | कार्यान्वयन हुने वडा | लागत रकम रु. |
|---|---|---|---|
| १. | मेलचौर पेन्डिङ्ग पँधेरी अधुरो खानेपानी निर्माण | ५ | ३० लाख |